**फिक्कल गाउँपालिका**
**खाङ्साङ., सिन्धुली**
**३ नं.प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्ड १** **संख्याः ६** **मितिः २०७५/०१/०१**

**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, फिक्कल गाउँपालिका सिन्धुलीको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम फिक्कल गाउँ कार्यपालिका सिन्धुलीले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७४ सालको कार्यविधि नं.१०

## फिक्कल गाउँपालिका सिन्धुलीको "स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४"

कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/१२/२१ प्रमाणीकरण मितिः २०७४/१२/३०

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न फिक्कल गाउँपालिका सिन्धुलीको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम फिक्कल गाउँ कार्यपालिका सिन्धुलीले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद् -१
### प्रारम्भिक

१. **कार्यविधिको नाम :** यस कार्यविधिको नाम फिक्कल गाउँपालिका सिन्धुलीको "स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।



२) **कार्यविधि लागु हुने :** यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भई स्थनीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

### परिच्छेद्-२
### स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरु :** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु लाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचा :** स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था :** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १), २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति बर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्या :** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्री :** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषय वस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावना देखि अन्तिम सम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखि प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी :** स्थानीय राजपत्र गाउँ कार्यपालिकाको अध्यक्षको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखि वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

### परिच्छेद्-३
### स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी :** (१) कार्यपालिकाले कुनै शाखा वा एकाईलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१)बमोजिम तोकिएको शाखा वा एकाईबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

**१०. प्रकाशन पूर्व सम्पादन गर्नु पर्ने :** (१) प्रकाशन हुने सामाग्री गाउँ कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाईबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/इकाईमा पठाईनेछ ।

**११.स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन :** (१) प्रमाणीकरण भई आएका सामाग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामाग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नेछ ।

**१२. निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने :** गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराउनेछ ।

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) जिल्ला प्रशासन कार्यालय,

(घ) जिल्ला प्रहरी कार्यालय,

(घ) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(ङ) सम्बन्धित स्थानीय शाखा, र

(च) गाउँपालिकाका प्रत्येक वडा कार्यालय ।

**१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने :** गाउँपालिका बाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

**१४. विक्री वितरणको व्यवस्था तथा विक्री मूल्य :** (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा इकाई मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा वडा कार्यालय वा गाउँ कार्यपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/ (पाँच सय नब्बे मात्र)

(ख) खुद्रा बिक्री गर्दा स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार मानी देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र



- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२०मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५०मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६. कार्यविधिको व्याख्या :** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१७. बचाऊः** यो कार्यविधि लागु हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागु गरेका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

**अनुसूची-१**

**(दफा ३ सँग सम्बन्धित)**

स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, मापदण्ड, नेपाल सरकार, प्रदेश सरकार र अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

**अनुसूची -२**

**(दफा-४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)**

**फिक्कल गाउँपालिका**

**खाङ्साङ्, सिन्धुली**

**स्थानीय राजपत्र**

खण्डः............... संख्याः..................... मितिः .........................

**भाग-१**

**ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा**